२०८० श्रावण ३२ कार्यपालिका वैठक कक्ष वैठक सङ्ख्या:०१/०८०-८१

सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुमकोट, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

**प्रस्तावहरु**

- आर्थिक बर्ष २०७९-८० को समीक्षा सम्बन्धमा,
- सिस्ने गाउँपालिकाको सेवा प्रवाह सम्बन्धमा,
- विगतको राजस्व संकलनको अवस्था र लक्ष्य अनुसारको राजस्व संकलन सम्बन्धमा,
- करार कर्मचारिको म्याद थप सम्बन्धमा,
- ढुङ्गा, गिट्टि, वालुवाको ठेक्का खुलाउने सम्बन्धमा,
- आर्थिक बर्षको २०८०-८१ को खरिद योजना तयार गर्ने सम्बन्धमा,
- परामर्श सेवा खरिद सम्बन्धमा,
- कृषि स्नातक पदपूर्ति सम्बन्धमा,
- गुणस्तरीय शिक्षाको लागि प्रविधिमैत्री शिक्षा सञ्चालन अनुदान सम्बन्धमा,
- घर नक्सा अभिलेखिकरण सम्बन्धमा,
- ईन्जिनियरिङ सेवाका कर्मचारिहरूलाई कार्यक्षमता अभिवद्धिका लागि केहि समय गाउँपालिकामा हाजिर गराई कार्यजिम्मेवारी दिने सम्बन्धमा,
- करार कर्मचारि पदपूर्ति सम्बन्धमा,
- विविध।

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

२०८० श्रावण ३२ कार्यपालिका बैठक कक्ष बैठक सङ्ख्याः ०१/०८०-८१

सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुमकोट, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं १**

सिस्ने गाउँपालिकाको आर्थिक बर्ष २०७९-८० मा कुल बजेटको ६२ करोड ३६ लाख १६ हजार मध्यबाट ५३ करोड ४६ लाख ४५ हजार खर्च भई ८५.७३ % खर्च भएको जसमा चालु तर्फ ८७.०२% र पूँजीगत तर्फ ८३.८१% खर्च भएको जानकारिका साथ समग्र आर्थिक बर्ष २०७९-८० को प्रगति समीक्षा गरियो।

**निर्णय नं २**

सिस्ने गाउँपालिकाको सेवा प्रवाहको समीक्षा गरि चुस्त, दुरुस्त र नागरिकमैत्री बनाउन आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं ३**

सिस्ने गाउँपालिकाको आर्थिक बर्ष २०७९-८० मा राजस्व संकलन लक्ष्य बमोजिम नभई बजेटको स्रोत सुनिश्चित हुन नसकेको र आर्थिक बर्ष २०८०-८१ को रु. १ करोड ०५ हजार को लक्ष्य अनुरुप राजस्व संकलन गर्न राजस्वको दर र दायरा विस्तार गर्दै लैजाने र शहरीकरण उन्मुख क्षेत्रमा घरबहाल करलाई राजस्वमा जोड्न घरबहाल नतिर्ने नागरिकको सिस्ने गाउँपालिका तर्फबाट प्रदान गरिने सेवामा रोक लगाउने निर्णय गरियो।

**निर्णय नं ४**

सिस्ने गाउँपालिकामा कार्यरत शिक्षा तर्फ र अन्य करार कर्मचारिहरूलाई क्रमशः ६० बर्ष र ५८ बर्ष उमेर पुगेका करार कर्मचारिको म्याद थप नगर्ने र सम्पूर्ण करार तर्फका कर्मचारीहरुको कार्यसम्पादनका आधारमा करार सेवामा म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

सिस्ने गाउँपालिकाको आ.व. २०८०/८१ को आन्तरिक आय ठेक्का बन्दोबस्त अन्तर्गत गाउँपालिकाको क्षेत्र भएर बग्ने सानीभेरी नदिको उकास क्षेत्रमा जम्मा भएको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) तथा दहत्तर बहत्तर (काठ, दाउरा) उत्खनन तथा निकासी सम्बन्धि ठेक्का बन्दोबस्तका लागी गाउँपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणिय प्रतिबेदण (IEE) को अधिनमा रहि न्यूनतम ठेक्का कबोल अंक

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

(मू.अ.क. बाहेक) रू. ३५,००,०००/- (अक्षरुपी पैतिस लाख मात्र) रकम बराबरको ठेक्का बन्दोबस्ती प्रक्रिया अगाडि बढाउँने निर्णय गरियो।

**निर्णय नं ६**

सिस्ने गाउँपालिकाको आर्थिक बर्ष २०८०-८१ को बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनलाई अनुमान योग्य, पारदर्शी, चुस्त र समयमै वनाई सुशासन कायम गर्न आर्थिक बर्ष २०८०-८१ मा रु. २०,००,०००। अक्षरुपी २० लाख भन्दा धेरै बजेट भएको कार्यक्रम\योजना कार्यान्वयनमा अनिवार्य रुपमा EGP अथवा ठेक्का प्रक्रियामा जाने सोही बमोजिम बार्षिक खरिद योजना भाद्र महिनाको पहिलो हप्तामा निर्माण गर्ने र सोहि बमोजिम कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो।

**निर्णय नं ७**

सिस्ने गाउँपालिकाको आर्थिक बर्ष २०८०-८१ को सेवा तथा परामर्श खर्च शीर्षकबाट सिस्ने गाउँपालिका भित्रको कृषीको समग्र प्रोफाइल तयार गर्ने र सिस्ने गाउँपालिकाको पर्यटकिय क्षेत्रको पहिचान र प्रवर्द्धनको लागि डुकुमेन्टरी तयार गर्ने गरी खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं ८**

सिस्ने गाउँपालिकाको बार्षिक कार्यक्रम २०८०-८१ मा संघीय सरकारबाट हस्तान्तरित कृषि स्नातक करार कार्यक्रमबमोजिम कृषि स्नातकको पदपूर्तिको लागि आवश्यक प्रक्रिया थालनी गर्ने निर्णय गरियो।

**निर्णय नं ९**

आर्थिक वर्ष २०८०।८१ को विशेष अनुदान तर्फ शिक्षाको पहुँच तथा गुणस्तर सुधारका लागि यस कार्यालयमा रु ८०,००,०००/- (अक्षरुपी असि लाख) हस्तान्तरण भई आएकोले तपशीलका ८ वटा विद्यालयहरुलाई स्मार्ट शिक्षा कार्यक्रम संचालन वापतको रकम रु. १६,००,०००/- (अक्षरुपि सोह्र लाख) खातामा जम्मा गरिदिने भनि निर्णय पारित गरियो।

| क्र सं | विद्यालयको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | हिमालय माध्यमिक विद्यालय पाखापानी | सिस्ने-१ | २००००० | |

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | श्री हिमालय माध्यमिक विद्यालय नायगाड | सिस्ने-१ | २००००० | |
| ३ | श्री जनता माध्यमिक विद्यालय पोखरा | सिस्ने-१ | २००००० | |
| ४ | श्री जनप्रिय माध्यमिक विद्यालय दादिङ | सिस्ने-१ | २००००० | |
| ५ | श्री रुक्मिणी माध्यमिक विद्यालय रुकुमकोट | सिस्ने-१ | २००००० | |
| ६ | श्री त्रिभुवन जनता माध्यमिक विद्यालय छिप्रिदह | सिस्ने-१ | २००००० | |
| ७ | श्री जनसेवा आधारभूत विद्यालय सान्चौर | सिस्ने-१ | २००००० | |
| ८ | श्री सानोभेरी माध्यमिक विद्यालय लम्पाकोट | सिस्ने-१ | २००००० | |

**निर्णय नं १०**

सिस्ने गाउँपालिका भित्र निर्माण हुने घर तथा अन्य भौतिक संरचना कानुन बमोजिम गाउँपालिकाबाट निर्माण अनुमति लिई निर्माण गर्नु पर्नेमा गाउँपालिकाको निर्माण अनुमति बेगर निर्माण कार्य सन्चालन भै राखेकाले सो कार्यलाई गाउँपालिकाबाट नियमन तथा व्यबस्थित गर्ने प्रयोजनका लागि सिस्ने गाउँपालिकाको भवन निर्माण तथा इजाजत सम्बन्धी कार्यविधी तयार गर्ने र कार्यविधी तयार गर्न परामर्श सेवा खरिद गर्ने निणर्य गरियो ।

**निर्णय नं ११**

वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारी (ईन्जिनियरिङ्ग सेवा, सिभिल समुह) हरुको कार्यदक्षताको विकास गर्ने उदेश्य अनुरुप वडामा पदस्थापन भई कामकाज गर्दै आएकोमा अर्को व्यवस्था नहुँदाको समयसम्मका लागि सिस्ने गाउँपालिकाका हाजिर गरी कामकाज गर्ने गरी काज व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्गय नं १२**

सिस्ने गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्बेक्षणमा स्वीकृत दरबन्दी अनुसार गाउँपालिकाको भवन तथा नियमन शाखामा कार्यरत रहेने गरी १ (एक) जना अमिन कर्मचारी स्थायी पदपुर्ति नहुँदासम्म तत्काल करार सेवामा पदपुर्ति गर्ने निर्णय गरियो ।

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

२०८० श्रावण ३२ कार्यपालिका वैठक कक्ष वैठक सङ्ख्या:०१/०८०-८१

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं १३**

सिस्ने गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणमा स्वीकृत दरबन्दी अनुसार दर्ता, चलानी तथा सोधपुछमा तत्कालको लागि करारबाट पदपूर्ति गरि नियुक्ति दिने र सिस्ने गाउँपालिकाको वडा नं ३ मा रिक्त रहेको कार्यालय सहयोगीलाई पदपूर्ति गरि नियुक्ति दिने निर्णय गरियो।

**निर्णय नं १४**

वडा नं-०२ मा निर्माणाधिन ५ शैयाको भवन निर्माण ठेक्कामा निर्माण व्यवसायिलाई उपलब्ध गराईएको प्रभु बैंकको नाममा जारि भएको पेश्की रकम वापतको जमानत रकम जफत गर्ने निर्णय गरियो।

**निर्णय नं १५**

विपद् व्यवस्थापनको लागि तत्काल राहत, उद्दार, पूनर्स्थापनाको लागि जाली, जस्ता, त्रिपाल लागत अनुमान तयार गरि खरिद गर्ने र तत्काल उपलब्ध गराउने व्यवस्था गर्ने निर्णय गरियो।

**निर्णय नं १६**

सिस्ने गाउँपालिका वडा नं ५ स्थित ठाराखोला देखि शहिदपार्क खानेपानीको मुहान संरक्षण तथा आवश्यक परेको अन्य मुहान संरक्षणको समेत रेखदेख गर्ने उद्देश्यले दैनिक ज्यालादारीमा काम गर्ने गरि करार सेवामा काममा लगाउने निर्णय गरियो।

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. १७**

सिस्ने गाउँपालिका वडा नं. ८ (साविक स्यालापाखा गा.वि.स. वडा नं. १) स्वारा,स्यालापाखामा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण गर्न आवश्यक पर्ने जग्गा उपलब्ध गराउनका लागि सोही वडा निवासी श्री कर्ण बहादुर पुनले मिति २०७९/१२/०९ मा मन्जुरीनामा गर्नु भएको तर नेपाल सरकारले जग्गा वर्गीकरण नहुदा सम्म जग्गा किनवेच तथा नामसारी रोकेको समयमा आफ्नो घर खर्च जुटाउन भारत गएकोले निज व्यक्ती घर फर्की आउने वित्तिकै कित्ता नं. १६३ को ०,१८२० वर्ग मिटर क्षेत्रफलबाट ०,०२५० वर्गमिटर जग्गा सामुदायिक स्वास्थ्य इकाईको नाममा रजिस्ट्रेसन पास गर्ने निर्णय गरियो ।

CamScanner